बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

## अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

**प्रकाशित मिति : २०८१/१०/२१**

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेशभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक तालिममार्फत सशक्तिकरणका लागि **'अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम'** सञ्चालन हुने भएको हुँदा **"अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** बमोजिम काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लामा कार्यक्षेत्र भएका अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न इच्छुक अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरुबाट तपसिलको कागजातहरु सहित कार्यविधिको **अनुसूची-१ को ढाँचामा कार्यक्रम प्रस्तावपत्र** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०८१ फागुन ५ गतेसम्म) यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| अनुदान कार्यक्रम | संघसंस्थाले पेश गर्नुपर्ने कागजातहरु |
|---|---|
| अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम | १. कार्यविधिको अनुसूची-१ बमोजिमको अनुदान कार्यक्रम प्रस्तावपत्र<br>२. प्रचलित कानून बमोजिम संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नं. (PAN No) दर्ता प्रमाण पत्र प्रतिलिपि<br>३. संस्थाको अघिल्लो आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र, संस्था नवीकरणको प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि<br>४. संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल<br>५. संस्था सञ्चालक समिति गठन सम्बन्धी निर्णय प्रतिलिपि र संस्थाका सञ्चालकहरुको नामनामेसी विवरण (सम्पर्क नं. सहित) तथा तस्विरहरु<br>६. समाज कल्याण परिषदमा आवद्धताको प्रमाणपत्र वा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्र<br>७. संस्थाको अनुभव र संस्थाले गरेका मुख्य कार्यहरुको विवरण<br>८. संस्था सञ्चालक समितिले अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि<br>९. जिल्ला समन्वय समितिको सिफारिस सहित कार्यक्षेत्र यकीन गरी पेश गर्नुपर्ने<br>१०. चालु आ.व.मा अन्य सरकारी निकायबाट उल्लखित शीर्षकमा अनुदान स्वीकृत नभएको व्यहोरा सम्बन्धित स्थानीय तहको सिफारिस<br>**कार्यक्रम प्रस्ताव पत्र तयार तथा पेश गर्दा ध्यान दिनु पर्ने मुख्य बुँदाहरु:-**<br>• कार्यक्रम प्रस्ताव गर्दा स्वीकृत कार्यक्रमको लक्ष्य अनुरुप मात्र प्रस्ताव गर्नुपर्नेछ<br>• प्रस्तावित कार्यक्रमको आवश्यकता र औचित्य तथा अपेक्षित प्रतिफलका बीचमा सह सम्बन्ध (Interlinkage) हुनु पर्नेछ<br>• संस्थाको भौतिक पूर्वाधार विवरण सम्बन्धी प्रस्तावनामा उल्लेख गर्दा उक्त बुँदामा उल्लेख गरिएका कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ<br>• प्रस्तावित कार्यक्रमको बजेटमा संस्थाको आन्तरिक तथा अन्य निकायहरुसंगको स्रोत साझेदारी परिचालनको अंश उल्लेख भएको पत्र<br>• प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्डबमोजिम कार्यक्रम खर्चको प्रस्ताव गर्नु पर्नेछ |

स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। साथै चालु आ.व.मा मन्त्रालय तथा अन्तर्गतका कार्यालयको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भइसकेका संस्थाहरुले यस कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न पाउने छैनन्।

पुनश्चः "अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाइट http://www.mosd.bagamati.gov.np र यस कार्यालयको वेबसाइट http://103.140.1.186/ हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८६२००७८७२ वा ९८५१४०१३२६ मा सम्पर्क गर्न सकिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

काभ्रेपलान्चोक

पत्र सङ्ख्या: ०८१/०८२
चलानी नम्बर: ६४३

मिती:२०८१/१०/२२

श्री सबै स्थानीय तहहरु, काभ्रेपलाञ्चोक ।
श्री सबै स्थानीय तहहरु,सिन्धुपाल्चोक ।
श्री सबै स्थानीय तहहरु,रामेछाप ।
श्री सबै स्थानीय तहहरु, दोलखा ।

विषयः सुचना वेवसाइटमा राखीदिनु हुन ।

प्रस्तुत विषयमा " अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको **अधिकार संरक्षण क्षमता विकास तथा सशक्तिकरण कार्यक्रमका**"कालागी अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम संचालन गर्न इच्छुक अपाङ्गता भएका व्यक्तिहरुद्वारा संचालीत संस्थाहरुबाट प्रस्ताव माग गरीएको यसै पत्रसाथ संलग्न सुचना तँहाको सुचना पाटी तथा वेवसाइटमा राखी सुचना प्रशारीत गर्न सहयोग गरीदिनु हुन अनुरोध छ ।

२०८१।१०।२२
रन माया फ्याक
कार्यालय प्रमुख

फोन नं. ०११-६६१४९२
ईमेलः sdokavre@gmail.com